वैदेशिक रोजगारमा जाने निर्णय गरिसक्नु भएको छ भने स्काफ फोल्डिङ, सटरिङ कार्पेन्ट्री, आक वेल्डिङ,क्लिनर, स्टिल फिक्चर, वेटर हाउस किपिङ, प्लम्बर, विल्डिङ इलेक्ट्रिसियन र सेक्युरिटी गार्डको तालिमा नि:शुल्क प्राप्त गर्न सक्नुहुनेछ ।

जिल्ला विकास समिति, कास्की
वैदेशिक रोजगारीका लागि सुरक्षित आप्रवासन 'सामी' परियोजना
सूचना तथा परामर्श केन्द्र, कास्की
फोन : ०६१-४६४४२५

राष्ट्रिय दैनिक

गोल्डेन न्यूज

Golden News National Daily

○वर्ष ८ ○अंक १५७ ○श्रेणी 'क' ○२०७२ फाल्गुन २८ गते शुक्रबार ○ 11 March 2016 ○पृष्ठ ६ ○मूल्य रू. ५/-

यो ठाउँ नियमित विज्ञापनका लागि खाली छ ।

कांग्रेसले संविधान कार्यान्वयनको नेतृत्व लिन्छ - देउवा

✍गोल्डेन न्यूज संवाददाता
काठमाडौं २७ फाल्गुन ।

नेपाल विद्यार्थी संघको टोलीसंग बुढानिलकण्ठस्थित आफ्नै निवासमा कुराकानी गर्दै नेपाली कांग्रेसका नवनिर्वाचित सभापति शेरबहादुर देउवाले संविधान कार्यान्वयनको जिम्मेवारीलाई पार्टीले पूरा गर्ने बताएका छन्। बिहीबार नेपाल विद्यार्थी संघ (नेविसंघ) को बधाई तथा शुभकामना ग्रहण गर्दै उनले संविधान जारी गर्न नेतृत्वदायी भूमिका खेलेकोमा कांग्रेसले त्यसको सफल कार्यान्वयनका लागि महत्वपूर्ण भूमिका खेल्ने बताए पूर्वप्रधानमन्त्री समेत रहेका कांग्रेस सभापति देउवाले मुलुकमा विद्यमान प्रदेश सीमाङ्कनलगायतका मधेसवादी दलका मुद्दालाई समाधान गर्न पार्टीले सकारात्मक भूमिका निर्वाह गर्ने उल्लेख गरे। पार्टीको भ्रातृ संङ्गठन नेविसंघको लामो समयदेखि अधिवेशन हुन नसक्दा युवाको नेतृत्व विकास र शैक्षिक मुद्दा प्रभावकारी रुपमा अघि बढ्न नसकेको भन्दै उनले केन्द्रीय समितिले पूर्णता पाएलगतै नेविसंघलगायतका सबै भ्रातृ संङ्गठनको अधिवेशन गराउन पहल गर्ने बताए। सभापति देउवाले भने। संङ्गठनलाई सक्रिय बनाई पार्टीलाई गतिशील र जीवन्त तुल्याउन नेविसंघलगायतका संस्थाको महाधिवेशन चाँडो हुनुपर्छ, त्यसमा मिले व्यक्तिगत रुपमा भन्नुभन्दा पनि केन्द्रीय समितिले पूर्णता पाएपछि पहिलो एजेन्डा भ्रातृ संस्थाको महाधिवेशनतर्फ केन्द्रित हुनुछ ।" नेपाल विद्यार्थी संघका अध्यक्ष रञ्जित कर्णले लामो समयदेखि नेविसंघको निर्वाचन नहुँदा संङ्गठन गतिशील बन्न नसकेको र नेतृत्व विकासमा ह्रास आएको भन्दै चाँडो निर्वाचनको प्रक्रिया अघि बढाउन पहल गर्न सभापति देउवासमक्ष आग्रह गरे। उनले विश्वविद्यालयमा पनि लामो समयदेखि स्वतन्त्र विद्यार्थी युनियन (स्ववियु) निर्वाचन नभएकाले विद्यार्थी नेतृत्व र शैक्षिक मुद्दा अवरुद्ध भएको भन्दै तत्काल स्ववियु निर्वाचन गर्नका लागि पहल गरि दिन आग्रह गरे। नेविसंघका नेतारहरुसंग कुरा गर्दै देउवाले आफूले सभापति पद जितेको नभई पार्टीका नेता/कार्यकर्तारुबाट यस जिम्मेवारी प्राप्त गरेको बताए। महाधिवेशनलाई आफूले हारिजितको रुपमा नलिएकाले सभापति निर्वाचित भएपछि पनि अबिर नलगाएको जानकारी दिए ।"मैले यस महाधिवेशनलाई हारिजितको रुपमा लिएको छैन । त्यसैले अबिर पनि लगाएको छैन,' देउवाको भनाइ उद्धृत गर्दै नेविसंघ प्रवक्ता लामिछानेले भने, 'पार्टीका साथीहरुले मलाई जिम्मेवारी दिएको भन्ने रुपमा लिएको छु ।' उनले पार्टीका सबै नेताहरुलाई मिलाएर एक ढिक्का बनाएर अघि बढ्ने प्रतिबद्धता जनाए । सिमाकनको विषय टुंगो लगाउने, मधेस आन्दोलन र नाकाबन्दीले अस्तव्यस्त भएको जनजीवन सहजीकरण गर्ने र देशमा लगानीको वातावरण बनाउने आफ्नो प्राथमिकतामा पर्ने उनले बताए। सभापति देउवालाई बधाई दिन नेविसंघका अध्यक्ष रञ्जित कर्ण र अन्य पदाधिकारी तथा सदस्यसहितको टोली देउवा निवास पुगेको हो। सभापतिमा निर्वाचित देउवालाई बधाई तथा शुभकामना दिन नेता कार्यकर्ता तथा शुभेच्छुकको देउवा निवासमा बिहानैदेखि भीड लागेको थियो

पोखराका रात्रीकालिन व्यवसाय बन्द

✍गोल्डेन न्यूज संवाददाता
पोखरा २७ फाल्गुन ।

कास्की प्रहरीले विकृति बढेको भन्दै पोखराका राती कालिन व्यवसाय सञ्चालनको अवधी १० बजे सम्माको लागी तोकेपछि आवद्ध व्यवसायीहरुले विहिवार त्यसको विरोध स्वरुप आफ्ना सबै व्यवसायहरु बन्द गराएका छन् । पर्यटकीय शहर पोखराको लेकसाइड र महेन्द्रपुलमा सञ्चालनमा रहेका दोहोरी साझ,डान्सबार ,लाइभ म्युजिक ,गजल सांझ लगायतका रात्रीकालिन व्यवसायहरुलाई यस अघि राती ११ बजे सम्म सञ्चालन गर्न दिइएको थियो।कास्की प्रहरी प्रमुख मा एस.पी घनश्याम अर्याल आएको एक महिना नबित्दै रात्रीकालिन व्यवसायको सञ्चालन अवधि घटाउने प्रयास भएको व्यवसायीहरु बताए। ।पर्यटकीय क्षेत्रलाई २४ सै घण्टा सञ्चालन गर्न पाउने माग भइरहेको बेला कास्की प्रहरीको पछिलो कदमले व्यवसायीहरु निरास देखिएका छन् ।मुकम्प र नाकाबन्दीले तहसनहस भएर बल्ल उठ्न लागेको व्यवसायलाई राज्यको तर्फबाट प्रवर्द्धनका लागी टेवा दिनुपर्नेमा उल्टै व्यवसाय धराप्मा पार्दै बन्द गराउने तर्फ लगेको भन्दै व्यवसायीहरु निराश भएका छन्। उनिहरुले १० बजे व्यवसाय बन्द गर्ने गरि गर्नु भन्दा व्यवसायनै बन्द गर्नु वेश हुने भन्दै विहिवार पोखराका सबै रात्रीकालीन व्यवसायहरु ठप्प पारेको दोहोरी साझ व्यवसायी समितिका अध्यक्ष सीम गुरुङले बताए ।कास्की प्रहरीको यो कदमको निकासका लागी राज्यको ध्यानकर्षण गराइने बताए ।शुक्रबार कास्कीका प्रमुख जिल्ला अधिकारी हरिप्रसाद मैनाली समक्ष ज्ञापन पत्र बुझाइने गोर्खा प्यालेस रेस्टुरेन्ट लेकसाइडका सञ्चालक लक्ष्मण गुरुङले बताए ।कास्की लेकसाइडको ओजन क्लब बाहेक अरु सबै क्लब ,डान्सबार दोहोरी ,गजलको नाम टिपेरै १० बजे बन्द गराउन मातहतका इकाइलाई निर्देशन दिएको बताइएको छ ।पोखरामा अहिले विभिन्न ५० वटा रात्रीकालिन व्यवसाय सञ्चालनमा रहेको दावी गरिएको छ ।

खुल्ला रक्तदान सम्बन्धि अत्यन्त जरुरी सूचना

खुद्रा व्यापार संघ,कास्की एवं खुद्रा बचत तथा ऋण सहकारी संस्था लिमिटेडको संयुक्त आयोजनामा निम्न, मिति, समय र स्थानमा हुन गइरहेको खुल्ला रक्तदान कार्यक्रममा सम्पूर्ण सदस्य, शुभचिन्तक एवम् रक्तदाताहरुमा उपस्थितीका लागि हार्दिक निमन्त्रण गर्दछौं ।

कार्यक्रम :
मिति :२०७२ फागुन २५ गते शनिबार
समय : बिहान ७: ३० बजे
स्थान : पृथ्वीचोक, पोखरा

आयोजक
खुद्रा व्यापार संघ, कास्की
एवं खुद्रा बचत तथा ऋण सहकारी संस्था लि.,
ज़िरो कि.मी, पोखरा

नेपालको संविधानमा मधेशीको अधिकार

नेपालको संविधानमा मधेशीको हक अधिकार देहाय बमोजिम व्यवस्था गरिएको छ ।

- सामाजिक न्याय सुनिश्चित गर्न राज्यको राजनीतिक उद्देश्य हुने ।
- आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक
- समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने ।
- सामान्य कानूनको प्रयोगमा उत्पत्ति, धर्म, वर्ण, जात, जाति, वा अन्य कुनै आधारमा भेदभाव नगरिने ।
- सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएका मधेशी लगायत नागरिकको संरक्षण, सशक्तीकरण वा विकासका लागि कानून बमोजिम विशेष व्यवस्था गर्ने ।
- नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानून बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हक हुने ।
- नेपालमा बसोबास गर्ने प्रत्येक नेपालीसमुदायलाई आफ्नो भाषा, लिपि, संस्कृति, सांस्कृतिक सभ्यता र सम्पदाको संवर्धन र संरक्षणगर्ने हक हुने ।
- सामाजिक रुपले पछाडि परेका मधेशी समेतलाई समावेशी सिद्धान्तका आधारमा राज्यको निकायमासहभागी हुन पाउन सामाजिक न्यायको हक हुने ।
- समाजमा विद्यमान धर्म, प्रथा, परम्परा, रीति तथा संस्कारका नाममा हुने सबै प्रकारका विभेद, असमानता, शोषण र अन्यायको अन्त्य गर्ने ।
- मधेशीलाई आर्थिक, सामाजिक तथा सांस्कृतिक अवसर र लाभको समान वितरण तथा त्यस्ता समुदायभित्रका विपन्न नागरिकको संरक्षण, उत्थान, सशक्तीकरण र विकासका अवसर तथा लाभका लागि विशेष व्यवस्था गर्ने ।
- हरुवा, चरुवा, हलिया, भूमिहीन, सुकुम्बासीहरुको पहिचान गरी बसोबासका लागि घर घडेरी तथा जीविकोपार्जनका लागि कृषियोग्य जमीन वा रोजगारीको व्यवस्था गर्दै पुनःस्थापना गर्ने ।
- उत्पीडित तथा पिछडिएको क्षेत्रका नागरिकको संरक्षण, उत्थान, सशक्तीकरण, विकास र आधारभूत आवश्यकता परिपूर्तिका अवसर तथा लाभका लागि विशेष व्यवस्था गर्ने ।
- सामाजिक सुरक्षा र सामाजिक न्याय प्रदान गर्दा सबै लिंग, क्षेत्र र समुदायभित्रका आर्थिक रुपले विपन्नलाई प्राथमिकता प्रदान गर्ने ।
- समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने प्रतिनिधि सभा र प्रदेश सभाको निर्वाचनका लागि राजनीतिक दलले उम्मेदवारी दिंदा समावेशी सिद्धान्तको आधारमा गर्ने ।
- संवैधानिक निकायको रुपमा नेपालमा एक मधेशी आयोग रहने ।
- नेपाली सेनामा मधेशी समेतको प्रवेश समानता र समावेशी सिद्धान्तको आधारमा गरिने ।
- नेपाली राजदूत र विशेष प्रतिनिधिसमावेशी सिद्धान्तको आधारमा नियुक्ति गरिने ।

नेपाल सरकार
कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

नेपाल सरकार
सूचना तथा संचार मन्त्रालय
सूचना विभाग

गोल्डेन न्यूज राष्ट्रिय दैनिक
अनलाइनमा पढ्न र सुनौलो
एफ.एम. १०१.२ मेगाहर्ज सुन्न
Log on :
www.goldennews. com.np

सुन्दर हेयर एण्ड ब्युटी

हामीकहाँ लेडिज एण्ड जेन्सको लागि Hair Cutting, Hair Colour, Skin Treatment, Hair Treatment, Head Massage, Hair Straight, Hair Curly, Hair Extension मनुका साथै ब्राण्डेड प्रोडक्टहरुद्वारा फेसियल गरिन्छ । साथै मेसी केयर, पेडी केयर पनि गरिन्छ । प्रत्येक सुविधामा १५ प्रतिशत छुटको व्यवस्था समेत गरिएको छ ।

सम्पर्क: ५८४६८५५३३०
पोखरा ट्रेड मल, चिप्लेढुङ्गा
(First Floor X2)

BABIN TAILORING
Shirting & Suiting

बबिन टेलरिङ्ग में किन ?

- तपाईले खोजेका कुनैपनि मुगलतरीय ब्राण्डका कपडाहरुका लागि,
- तपाईले भनेको समयमा आकर्षक एवम् मुगलतरीय सिलाईका लागि,
- आकर्षक तथा आधुनिक डिजाइनका लागि,
- आकर्षक कोटका लागि मुगलतरीय पेस्टिङ्ग मेडिल प्रयोग गरिने,
- बढीको मात्रा, सहभाव र विश्वासको विश्लनसाको लागि,
- अर्डर बमोजिम अफिस, बैंक, कलेज, स्कुल र विद्यालयका सम्पूर्ण पोशाकका लागि ।

हाम्रो बाबाले सधै बबिन टेलरिङ्गमा सिलाई गर्नुहुन्थ्यो...

बबिन टेलरिङ्ग सुटिङ्ग एण्ड सुटिङ्ग

DIGNAM ASHVIRA OCM Bodhi

" लगानीको सम्बर्द्धन, उद्योग व्यवसायको प्रवर्द्धन "

आजको साँझ
कन्दरा ब्यान्ड सँग



साथमा देउराली ब्याण्ड
फागुन २८, शुक्रबार
साँझ ५ बजे

राष्ट्रिय औद्योगिक व्यापार मेला-२०७२, पोखरा
(साथमा सातौं क्यान इन्फोटेक)
फाल्गुन २५ गते देखि चैत्र ५ गते सम्म, पोखरा प्रदर्शनी केन्द्र, नयाँ बजार, पोखरा

■ সমস্ত শাদাই অভিজাত। আরোগ্য চিকিৎসা। আরোগ্য ঔষধালয়। ৩৫ নং মাদা। ফোন: ০১৭১৫৪২৪৯৬৫

প্রকাশক - প্রকাশিত। সমস্ত সংবাদ সংগ্রহ এবং সম্পাদনা করেছেন প্রকাশক। মুদ্রণ: আরোগ্য প্রিন্টিং প্রেস, ৩৫ নং মাদা। ফোন: ০১৭১৫৪২৪৯৬৫

সাহিত্য

হৃষ্টকুসুম

লেখক পরিচিতি: আরোগ্য ঔষধালয়ের ব্যবস্থাপক, কবিতা ও ছোটগল্প লেখক।

শুভ্র : আরোগ্য ঔষধালয়ের ব্যবস্থাপক, কবিতা ও ছোটগল্প লেখক।

হৃষ্টকুসুম : আরোগ্য ঔষধালয়ের ব্যবস্থাপক, কবিতা ও ছোটগল্প লেখক।

চন্দ্রবতী : আরোগ্য ঔষধালয়ের ব্যবস্থাপক, কবিতা ও ছোটগল্প লেখক।

তিমির : আরোগ্য ঔষধালয়ের ব্যবস্থাপক, কবিতা ও ছোটগল্প লেখক।

ঝিনুক : আরোগ্য ঔষধালয়ের ব্যবস্থাপক, কবিতা ও ছোটগল্প লেখক।

মেঘদূত : আরোগ্য ঔষধালয়ের ব্যবস্থাপক, কবিতা ও ছোটগল্প লেখক।

আরোগ্য ঔষধালয়

আরোগ্য ঔষধালয় । ৩৫ নং মাদা । ফোন: ০১৭১৫৪২৪৯৬৫

শুভ্র : আরোগ্য ঔষধালয়ের ব্যবস্থাপক, কবিতা ও ছোটগল্প লেখক।

হৃষ্টকুসুম : আরোগ্য ঔষধালয়ের ব্যবস্থাপক, কবিতা ও ছোটগল্প লেখক।

চন্দ্রবতী : আরোগ্য ঔষধালয়ের ব্যবস্থাপক, কবিতা ও ছোটগল্প লেখক।

তিমির : আরোগ্য ঔষধালয়ের ব্যবস্থাপক, কবিতা ও ছোটগল্প লেখক।

ঝিনুক : আরোগ্য ঔষধালয়ের ব্যবস্থাপক, কবিতা ও ছোটগল্প লেখক।

মেঘদূত : আরোগ্য ঔষধালয়ের ব্যবস্থাপক, কবিতা ও ছোটগল্প লেখক।

ঔষধ : আরোগ্য ঔষধালয়ের ব্যবস্থাপক, কবিতা ও ছোটগল্প লেখক।

ঔষধালয় কিনোন

**ঔষধালয় কিনোন

চিড়িয়াখানা থেকে পালানো বাঘ ধরতে ব্যর্থ, আশঙ্কা ছড়াচ্ছে

जीतसागै क्याम्पसरोड अंक तालिकाको दोस्रो स्थानमा, चौराहाको अग्रता कायम

गोल्डेन न्यूज संवाददाता
पोखरा २७ फाल्गुन ।

धनगढीमा जारी सगरमाथा सिमेन्ट धनगढी क्रिकेट लिग भाग ३ अर्न्तगत छैठौं दिनको पहिलो खेलमा हसनपुर रोयल्सलाई क्याम्पसरोडलाई ४ विकेटले पराजित पार्दै दोस्रो जित दर्ता गरेको छ । दोस्रो जित दर्ता गर्दै क्याम्पसरोड अंक तालिकामा ४ अंकका साथ दोस्रो स्थानमा उक्लेको छ । आजै भएको दोस्रो खेलमा सल्लीपी टोलसँग ६ विकेटले पराजय भोगे पनि चौराहाको क्याम्पसरोड भन्दा नेट रनरेट केही राम्रो छ । त्यस्तै दोस्रो खेलमा चौराहालाई पराजित पारेको सल्लीपी टोल तेस्रो स्थानमा उक्लिएको छ भने क्याम्पसरोड संग पराजयसँगै बेहोरेको हसनपुर चौथो स्थानमा छ ।

टस हारेर पहिले ब्याटिंगमा उत्रेको हसनपुर रोयल्सले १७.१ ओभरमा सबै विकेट गुमाएर ४८ रन मात्र बनाउन सक्यो । हसनपुरका लागी विनोद लामाले ११ अंक बाहेक अन्यले दोहोरो अंक जोड्न सकेनन् । हसनपुरका लागि भिम साकीले ९ रन बनाए भने निकै आशा गरिएका विष्फोटक ब्याट्समान दिपेन्द्र सिंह ऐरीले ७ रन मात्र बनाउन सके ।

वलिंगमा निकै मजबुद देखिएको क्याम्पसरोडका ब्याट अर्क द ब्याच ललित सिंह भण्डारीले ४ ओभरमा २ मेडन गर्दै ५ रन दिएर ५ रन मात्र दिए । त्यस्तै चन्द्र सार्वदेले आफ्नो ४ ओभरको स्पेलमा ९ रन दिएर १ विकेट लिए भने सागर भण्डारी र सन्तोष भटटलै समान २ विकेट लिए ।

जवाफी ब्याटिंगमा क्याम्पसरोडले १४.१ ओभरमा ६ विकेट गुमाएर लक्ष्य भेटायो । अमर धानुकले १६ रन बनाउँदा सन्तोष भटटले नटआउट १४ रन बनाउँदै टीमलाई जित दिलाए । वलिंगमा गुमाएर ९६ रन बनायो । योगेन्द्र सिंह काकीले सर्वाधिक १९ रन बनाएको इनिंगमा विपिन रावलले १२ रन बनाई साथ दिए । त्यस्तै सन्दिप जोराले १० रन जोडे ।

म्यान अफ द म्याच युवा क्रिकेटर टेकेन्द्र बोहरले ४ ओभरमा १९ रन दिएर ३ विकेट लिदै चौराहालाई ठुलो स्कोर बनाउनेबाट रोके भने प्रकाश काकीले ३ तथा सुनिल धमला र अमित बुढाले समान २ विकेट लिए ।

जवाफी ब्याटिंगमा सल्लीपी टोललाई १७.५ ओभरमा ४ विकेटको क्षतिमा विजय गरानले चौका प्रहार गर्दै दोस्रो जित दिलाए । नटआउट रहेको ओपनर विजय गरानले ५४ वलमा ३ चौकार र १ छक्काको मदतले ३९ रनको पारी खेले । त्यस्तै अर्को ओपनर सुनिल धमलाले २९ रन बनाए । सल्लीपी टोलबाट नरेश बुढाएि ३, रोशन अधिकारी र राजु रिजाल शुन्य रनमा पवेलियन फर्किए ।

चौराहाका सोनु तामांग एक्लैले ४ विकेट लिए पनि अन्य बलरहरुले विकेट गुमाउँदा चौराहाको अपराजित यात्रामा पुर्ण विराम लागेको हो ।

प्रतियोगितामा पर्सि (शनिवार) विहान हसनपुर रोयल्स र सिवाईसी अस्तिरया तथा दिउसो क्याम्पस रोड र सल्लीपी टोल भिडुनेछन ।

पुर्णबहादुर श्याफुमाया रानाभाट छात्रवृत्ति अक्षयकोष स्थापना

गोल्डेन न्यूज संवाददाता
पोखरा २७ फाल्गुन ।

स्याइजा भाटखोला ५ चारघरे, लोासरी पुरानो घर भई हाल पोखरा ९, दरबारथोक न्यूरोड निवासी पुर्णबहादुर रानाभाटका सन्तानले बुवा आमाको नाममा एक लाख दस रुपैयाँको पुर्ण बहादुर भयापुमाया रानाभाट छात्रवृत्ति अक्षयकोष स्थापना गरेका हुन् ।

अक्षयकोषका अध्यक्ष महादेव रानाभाटको अध्यक्षतामा सोमबार बसेको पहिलो बैठकले कोषबाट प्राप्त रकम संचालन गर्ने विभिन्न निर्णयहरु पनि गरेको छ।

जस अनुसार भाट समाजद्वारा संचालित पवित्र चेचत तथा ऋण सहकारी संस्थामा खाता खोल्ने, पुर्णबहादुर र भयापुमायाबाट जायजन्म भएका र उनका सन्तानलाई सदस्य बनाउने लगाएतका निर्णय गरिएको संचिव कृष्णबहादुर रानाभाटले बताए ।

पुर्णबहादुर रानाभाटको एक हजार चन्द्र दर्शन चौरासी पुजाको दिन माघ १० गते बुवा पुर्णबहादुर र आमा भयापुमायाको नाममा जनही ५० हजार पाँचका दरले एक लाख दस रुपैयाँको अक्षयकोष स्थापना गरिएको र कोषको ब्याजबाट प्राप्त रकमले भाटखोला ६, पारिकोबारीमा रहेको जनप्रिय उच्च माविमा अध्ययनरत गरिब तथा जेहेन्दार विद्यार्थीहरुलाई हरेक वर्ष छात्रवृत्ति वा शैक्षिक सामारी प्रदान गर्ने कोषाध्यक्ष सुदिसबहादुर रानाभाटले बताए ।

कांग्रेस चुनावमा धाधली शंका: दाहाल

गोल्डेन न्यूज संवाददाता
पोखरा २७ फाल्गुन ।

नेपाली कांग्रेसको १३ औं महाधिवेशन अन्तर्गत गत आइतवार भएको २५ केन्द्रीय सदस्य पदको निर्वाचनमा कांग्रेस केन्द्रीय सदस्य पदका उम्मेदवार तारानाथ दाहालले २५ केन्द्रीय सदस्यको चयन हुन् अगाडि नै मतपरिणामलाई लिएर तिनी पोखेका छन् उनले 'मत अन्तै सेट गरेको ल्याएको' हुनसक्ने शंका समेत जनाएका छन् । २५ केन्द्रीय सदस्यका लागि भएको निर्वाचनमा दुई दिन गणनाको मत परिणामलाई लिएर दाहालले यस्तो प्रतिक्रिया दिएका हुन् । केन्द्रीय सदस्य उम्मेदवार बनेका उनी टप २५ को भन्दा निकै पछाडि छन् । कांग्रेस महाधिवेशनमा परिवर्तन चिर 'धीहर हावी भएको'आरोप उनले लगाएका छन् । मत नै अन्त सेट गरेर ल्याएको छन् । मत नै अन्त सेट गरेर गणना हुनसक्ने शंका समेत जनाएका छन् । सार्वाहरु, गणतन्त्र, संघीयता र अग्रगामी परिवर्तन विर 'धीहरु कांग्रेस महाधिवेशनमा हावी' भन्दै दाहालले विहीवार अपरान्ह ट्विट गरेका हुन् । यसअघि सभापतिमा शेरबहादुर देउवा, महामन्त्रीमा शशांक कोइराला तथा कोषाध्यक्षमा सीतादेवी यादव चयन भइसकेका छन् ।

कांग्रेस केन्द्रीय सदस्य खुलातर्फको मतगणना जारी, खुमबहादुर अगाडि,बाँकी मतगणना आज

गोल्डेन न्यूज संवाददाता
२७ फागुन, काठमाडौं ।

नेपाली कांग्रेसको १३ औं महाधिवेशन अन्तर्गत गत आइतवार भएको २५ केन्द्रीय सदस्य पदको निर्वाचनको दोस्रो दिनको मतगणना हुँदा कतिपय चर्चित अनुहारहरु पछाडि परेका छन् । पार्टीमा राम्रो इतिहास भाकवाहरु र मन्त्री भइसकेकाहरुले पाएको मत 'टप २५' भन्दा निकै थोरै छ ।नेपाली कांग्रेस केन्द्रीय सदस्यको खुलातर्फको मतगणनामा फेरि खुमबहादुर खड्काले अग्रता लिएका छन् ।दोस्रो दिन ३५३ मत गणना हुँदासम्म खड्का २१४ मतसहित शीर्ष स्थानमा छ । दोस्रो स्थानमा रहेका प्रकाशमान सिंहले २१३ र तेस्रो स्थानमा रहेका शेखर कोइरालाले २०५ मत पाएका छन् । २४ केन्द्रीय सदस्यका लागि भएको चुनावमा १० उम्मेदवार छन् । तर, शीर्ष २५ मा चर्चित अनुहार नै हावी छ । सैंतदा कम मत प्रशान्तमान सिंह मास्के र सुनिल नरसिंह राणा छन् दुवैले ५। ५ मत पाएका छन् । कांग्रेसको १३ औं महाधिवेशन अन्तर्गत गत आइतवार भएको मतदानको आरक्षणतर्फको मतगणना पनि जारी छ।

शिर्ष २५ सूचीसहित

खुम बहादुर खड्का	२१४
प्रकाशमान सिंह	२१३
डा. शेखर कोइराला	२०५
प्रदीप पौडेल	२०१
प्रदीप गिरी	२००
बालकृष्ण खाण	२००
विमलेन्द्र निधी	१९९
महेश आचार्य	१९०
कुलबहादुर गुरुङ	१८७
पुर्ण बहादुर खड्का	१८६
रमेश लेखक	१८६
विश्वप्रकाश शर्मा	१८१
डा. राम शरण महत	१७८
धनराज गुरुङ	१७७
डा. प्रकाश शरण महत	१७७
सुजाता कोइराला	१७७
शेखर भण्डारी	१७८
गोपाल मान श्रेष्ठ	१७१
बल बहादुर के.सी.	१७०
डा. मिनेन्द्र रिजाल	१६८
चन्द्र भण्डारी	१६२
डा. नारायण खडका	१५९
ज्ञानेन्द्र बहादुर काकी	१५९
बद्री पाण्डे	१५८
एन.पि. साउद	१५६

रेडक्रस उपशाखा पोखरा १०,११ को सुर्खेतमा अन्तरक्रिया

गोल्डेन न्यूज संवाददाता
पोखरा २७ फाल्गुन ।

रेडक्रस उपशाखा पोखरा १०,११ले रेडक्रस अध्ययन अवलोकनको क्रममा सुर्खेत जिल्ला शाखासँग अन्तरक्रिया गरेको छ ।

२०४० सालमा रामबजार क्षेत्रलाई आफ्नो कर्म क्षेत्र बनाई मानवीय सेवामा जुटने उद्धेश्यले स्थापित भई नेपाल रेडक्रस सोसाईटी कास्कीका शाखामा आवद्ध उपशाखाले आफ्ना पदाधिकारी, कार्यसमिति, आजिवन सदस्य र सल्लाहकार समेतको २० जनाको टोलीले सुदुर र मध्यपश्चिमको भ्रमणको क्रममा सुर्खेल जिल्ला शाखासँग आन्तरक्रिया गरेको हो ।

बर्दिया राष्ट्रिय निकुञ्ज लगायत विभिन्न जिल्ला रेडक्रससँग समन्वय गर्ने उद्धेश्यले गरिएको भ्रमणको क्रममा सुर्खेत जिल्ला शाखाको कार्यक्रमहरुको बारेमा जानकारी लिदै रेडक्रस सोसाईटी कास्की शाखा तथा उपशाखा १०,११ को गतिबीधिका बारेमा उपशाखा १०,११ का अध्यक्ष सम्मरबहादुर श्रेष्ठले जानकारी दिनुभएको थियो।

कार्यक्रममा नेपाल रेडक्रस सोसाईटी जिल्ला शाखा सुर्खेतका सभापति लाल आचार्यले शाखाको गतिविधिहरुको जानकारी दिनुहुदै शाखाबाटै आखा अस्पताल संचालन गर्न लागेको जानकारी दिनुभयो । अस्पताल निर्माणका लागि स्वीस सरकारबाट तीन करोड रुपैया सहयोग प्राप्त भएको जानकारी

गराउनुहुदै उहाले अस्पताल निर्माण सम्पन्न पश्चात अस्पतालका साथै शिविरहरु सञ्चालन गर्ने बताउनुभयो ।

गत वैशाखमा गएको विनासकारी भुकम्पले पीडितलाई ६ करोड बराबरको राहत वितरण, १४० घर निर्माण, सुर्खेतमा १२५ जनाको ज्यान गरेको, घरबार विहीन १९७८ परिवारलाई खाना लगायत अन्यत सामारी वितरण, विचल्लीमा परेका ५०० घर परिवार विपालमा रहनु परेकाले अब आइन्दा विपत्ति उन्मुलन गर्न दुईसय जनालाई विपत भोलिन्टियर तालिम दिएको शाखाका मन्त्री प्रदिप पौडेलले बताउनुभयो ।

जिल्ला शाखा सुर्खेतले निर्माण गर्ने अस्पतालबाट सेवा दिने र शिविरका लागि लायन्स क्लब तथा विभिनन संघ संस्थाहरुले सहकार्य गर्ने गरेको अस्पताल व्यवस्था समितिका धनबहादुर थापाले बताउनुभएको थियो । उक्त कार्यक्रममा उपशाखा १०,११ का आजिवन सदस्य एवम युनाइटेड क्लबका अध्यक्ष हिमालय बखेल, आजिवन सदस्य विष्णुप्रसाद शर्मा, उपशाखा १०,११ का सदस्य चेतबहादुर गुरुङ लगायतले रेडक्रसका अनुभवहरु व्यक्त गर्नुभएको थियो ।

उक्त रेडक्रस अवलोकन भ्रमणमा उपशाखा १०,११ का तर्फबाट उपशाखाको पतिवेदन, मायाको चिनो, उपशाखाको टोली सुर्खेत शाखाका सभापति रामलाल आचार्य, मन्त्री प्रदिप पौडेल र धनबहादुर थापालाई उपशाखाका सभापति सम्मरबहादुर श्रेष्ठले प्रदान गर्नुभएको थियो भने कार्यक्रम संचालन उपशाखाका सचिव सुर्यबहादुर बानियले गर्नुभएको थियो ।

कर्मचारी आवश्यकता

पोखराको पृथ्वीचोकस्थित एक प्रतिष्ठित ट्राभल्स कम्पनीका लागि एक महिला कर्मचारी आवश्यक परेको हुँदा पढाइ छोडी बसेका इच्छुक व्यक्तिले तुरुन्त सम्पर्क गर्नुहोला। आफूले साधन भएकोलाई विशेष प्राथमिकता दिइने छ ।

सम्पर्क : ९८५६०२००२५

सस्तोमा जहाज टिकट

सस्तोमा राष्ट्रिय, अन्तर्राष्ट्रिय हवाईजहाज टिकट तथा टुरिष्ट बस टिकट चाहिएमा साबै विदेशमा सामान पठाउनु परेमा हामीलाई सम्झनुहोस् ।

World Int'l Travels & Tours Pvt. Ltd.
Newroad, Darbarthok Marga, Pokhara-9
Ph: 061-523753, 526409, 9856032747

विदेश जानेहरुका लागि सुवर्ण अवसर

Macow, Abudabi को Spark, Middle East, Star र Al Jaber Coin इन्धं र कतारको Grup-4 Security कम्पनीहरुमा जान चाहनेहरुलाई यस प्रा.लि.बाट अन्तर्राष्ट्रिय सरकारी सेक्युरिटी गार्ड तालिम र अंग्रेजी भाषाको तयारी कक्षाहरु संचालन भैरहेको हुँदा इच्छुक व्यक्तिले तु-सम्पर्क गर्नुहोला ।

हाम्रा विशेषताहरु :
तयारी कक्षा सञ्चालन बहिरहेको छ ।
०साततहिसत उत्तीर्ण गराउन सफल ०आफ्नै मेसपावर कम्पनीबाट प्रोसेस गरिरहने ।
०१ वर्षमा ३ सय भन्दा बढी सेक्युरिटी गार्डहरु पास गराउन सफल

सम्पर्क फेवा सेक्युरिटी एण्ड वर्कर सर्भिसेज प्रा.लि.
पृथ्वीचोकबाट १०० मिटर तल (एयरपोर्ट जाने बाटो)
मुलिनाप विकास बैंकको अगाडि, पोखरा बिजनेश कम्प्लेक्स सटर नं. ३०, फोन ०६१-४२०७२, मो. ९८४६०-४१९२

आकर्षक एवं विश्वसनीय रंगरोगनका लागि सम्झनै पर्ने पसल

योर्स ट्रेड कन्सर्न

एशियन पेन्टस्, रोयल इंस्पायराका साथै सिपेजको समस्या साबधान , वाटर प्रुफिङ गरिन्छ ।

फोन : ०६१-४३०९६४, मो. ९८५६०३०९८७, ९८४६३३६३५१
अमरसिंहचोक, पोखरा, कास्की
डिलर: एशियन पेन्ट

पोखरा उप-महानगरपालिकाद्वारा सम्बन्धित सरोकार

स्थानीय स्वायत्त शासन ऐन, २०५५ फोहोरसँग्रो व्यवस्थापन ऐन २०६८ पोखरा उप-महानगरपालिकाद्वारा जारी प्लास्टिकजन्य वस्तु निषेध कार्यविधि २०७२ एवं उप-महानगरपालिकाको २०औं नगरपरिषदको निर्णय बमोजिम पोखरा उप-महानगरपालिका क्षेत्रभित्र प्लास्टिक भोला र प्लास्टिक मिलासको उत्पादन, ओसार-पसार तथा बिक्री वितरणलाई मिति २०७३ वैशाखदेखि पूर्णतः निषेध गर्दै पोखरा उप-महानगरपालिकालाई प्लास्टिक भोला एवं प्लास्टिक मिलास निषेध घोषणा गर्न कार्यक्रम रहेको छ ।

तसर्थ मिति २०७२ साल चैत्र १५ गतेसम्म आ-आफ्ना मौज्दातमा रहेका प्लास्टिक भोला एवं मिलास तत्काली व्यवस्थापन गर्न/गराउनुहुन अनुरोध छ। तत्पश्चात बस पोखरा उप-महानगरपालिकाबाट खटिने अनुगमन टोलीबाट अनुगमनको क्रममा उपरोक्त अनुसारको निषेधित वस्तु फेला परेमा जो कोहीलाई कडा भन्दा कडा कार्वाही मै जाने हुँदा सो अवधिभित्र प्लास्टिक भोला एवं प्लास्टिकका मिलास पूर्णरुपमा बिक्री वितरण, उत्पादन, ओसार-पसार नगर्न/गराउनुहुन सम्बन्धित सबैका लागि अनुरोध छ। साथै २०७२ चैत्र १५ गते पश्चात् प्लास्टिक भोला उत्पादन, बिक्री-वितरण तथा उपयोग गरेको पाइएमा कानूनतः दण्डसीय हुने हुँदा सो नगर्न/गराउन भइ पोखरा उप-महानगरपालिकालाई प्लास्टिक भोला तथा मिलास निषेधित उप-महानगरपालिका बनाउने अभियानमा सघाउन एवं वातावरणमैत्री उप-महानगरपालिका बनाउन सहयोग गर्नुहुन सम्बन्धित सबैमा पोखरा उप-महानगरपालिका कार्यालय हार्दिक अनुरोध गर्न चाहन्छ ।

कलकराम अधिकारी
प्रमुख/कार्यकारी अधिकृत
पोखरा उप-महानगरपालिका कार्यालय
पोखरा-८, न्यूरोड

तरुन्त आवश्यकता

पश्चिमाञ्चलकै लोकप्रिय पत्रिका गोल्डेन न्यूज दैनिक र सामुदायिक रेडियो सुनौलो एफ.एम. १०२.२ मेगाहर्जका लागि केही कर्मचारीहरु आवश्यक परेको हुँदा योग्य, इच्छुक र अनुभवी व्यक्तिले सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र सम्पर्क राख्नुहोला।

क्र.सं.	पद	संख्या	पारिश्रमिक
१.	समाचार सम्पादक	१ जना	न्यूनतम् १०,०००।-
२.	मार्केटिङ अफिसर	२ जना	न्यूनतम् १०,०००।-
३.	कम्प्युटर सहायक	१ जना	न्यूनतम् ७५००।-
४.	समाचार वाचक	२ जना	न्यूनतम् ६०००।-
५.	संवाददाता	केही	श्रमजीवि ऐनअनुसार

सम्पर्क
गोल्डेन न्यूज दैनिक तथा सुनौलो एफ.एम.को कार्यालय
सुनौलो भवन, मानवअधिकारचोक, चिप्लेढुङ्गा, पोखरा
फोन : ०६१-५३४४५५,५३२४३३,५३२४४६

सुनौलो पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित गोल्डेन न्यूज राष्ट्रिय दैनिकका लागि अध्यक्ष/प्रधान सम्पादक गंगाधर पराजुली, निर्देशक हरिमणि बराल, संस्थापक सम्पादक रीता गुरुङ
कार्यालय : चिप्लेढुंगा (सुनौलो भवन), पोखरा, फोन:०६१-५३९४५५, फ्याक्स : ५३२२९२, Email : goldennewspkr@gmail.com, Website: www.goldennews.com.np, मुद्रण गोल्डेन अफसेट प्रेस, चिप्लेढुंगा, पोखरा